नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## आशयपत्रको हार्डकपी बुझाउने सम्बन्धी सूचना !!!

सार्वजनिक खरिद अनुगमन कार्यालयको मिति २०८३।०५।११ मा प्रकाशित सूचना अनुसार हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म विद्युतीय खरिद प्रणालीमा मिति २०८३।०५।११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायहरूले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउने व्यहोरा उल्लेख भएकोले यस विभागको मिति २०८३।०४।३१ मा बोलपत्र प्रणाली eGP मार्फत आव्हान गरिएको Consulting Service for the Support, Maintenance and Upgradation of Industry Management Information System सम्बन्धी आशयपत्र (Expression of Interest) बुझाउने म्याद २०८३।०५।१५ सम्म रहेकोमा मिति २०८३।०५।११ को सार्वजनिक खरिद अनुगमन कार्यालयको संलग्न सूचना बमोजिम उक्त आशयपत्रको प्रस्तावदाताहरूले मिति २०८३।०५।१८ गते अपरान्ह २:०० बजे भित्र प्रस्तावको हार्डकपी यस विभागमा दर्ता गरिसक्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

०८३।५।१५
शाखा अधिकृत

मितिः २०८३।०५।१५
ने.सं. ११४६ गुंलागा

एक्सचेन्जः ४२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्सः ९७७-१-४२६१११२, इमेलः info@doind.gov.np, वेबसाइटः http://www.doind.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

# सार्वजनिक खरिद अनुगमन कार्यालय

(सूचना प्रविधि शाखा)

फोन : ५९७१३०७, ५९७१३०१
वेवसाईट : https://ppmo.gov.np/
ईमेल : it@ppmo.gov.np

प.सं : सू.प्र.-०८३/८४
च.नं. MIT/१८२

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
सार्वजनिक खरिद अनुगमन कार्यालय
काठमाडौं

केसरमहल, काठमाडौं, नेपाल

मितिः २०८३/०५/११

विषयः सूचना तथा जानकारी सम्बन्धमा।

श्री सार्वजनिक निकाय सबै ।

हाल सञ्चालनमा रहेको विद्युतीय खरिद प्रणाली (e-GP System) मा सुरक्षा जोखिम उच्च रहेको देखिन आएकाले प्रणालीको मर्मतसम्भार र सुधार कार्य भइरहेको हुँदा अर्को सूचना जारी नभएसम्म तपसिल बमोजिम हुने गरी प्रणाली स्थगन गरिएको ब्यहोरा सम्बन्धित सरोकारवाला सबैमा जानकारीका लागि यस कार्यालयको मिति २०८३/०५/११ को निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ।

तपसिलः

१. मिति २०८३/०५/११ गते देखि अर्को सूचना जारी नभएसम्मका लागि हालको विद्युतीय खरिद प्रणालीको प्रयोग स्थगन गर्नुहुन।

२. यस विद्युतीय खरिद प्रणालीमा मिति २०८३/०५/११ गतेसम्म प्रकाशन भई प्रस्ताव पेश गर्ने म्याद समाप्त हुन बाँकी रहेका र नयाँ प्रकाशन हुने क्रममा रहेका बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको सम्बन्धमा सार्वजनिक निकायहरुले हार्डकपी मार्फत बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्रको प्रक्रिया अगाडि बढाउन सकिनेछ।

३. यस अघि विद्युतीय खरिद प्रणालीमा बोलपत्र, आशयपत्र र सिलबन्दी दरभाउपत्र खोलुवा भई सार्वजनिक निकायहरुले बोलपत्रदाता/आपूर्तिकर्ता/परामर्शदाताहरुको प्रस्ताव डाउनलोड गर्न बाँकी रहेका ठेक्काहरुको सम्बन्धमा सार्वजनिक निकायको अनुरोधमा यस कार्यालयबाट आवश्यक सहजीकरण गरिनेछ।

२०८३/०५/११

(ई. निर्मल लामा)
कम्प्युटर अधिकृत